निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: मिति : २०७३/११/१८

निर्वाचन आयोग
नेपाल
२०२३

# प्रेस विज्ञप्ति

१. निर्वाचन आयोगले मिति २०७३/११/१७ गते गरेको निर्णय अनुसार निर्वाचन आयोग ऐन, २०७३ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी आदेश जारी गरेकोछ । उक्त आदेशमा आगामी २०७४ साल बैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको घोषणा हुनु पूर्व गाभिन वा एकीकरण हुन निवेदन दिएको रहेछ भने प्रचलित कानून बमोजिम आयोगमा दर्ता कायम रहेका दुई वा दुईभन्दा बढी राजनीतिक दलहरू एक आपसमा गाभिन वा एकीकरण भई नयाँ राजनीतिक दलको रूपमा कायम हुन चाहेमा राजनीतिक दलले त्यसरी गाभिन वा एकीकरण हुन मञ्जुर गरेको कुनै एक राजनीतिक दलको नाममा वा नयाँ नाममा राजनीतिक दलको रूपमा दर्ता हुने सम्बन्धमा आवश्यक व्यवस्था गरेको छ ।

२. निर्वाचन आयोगले आज मिति २०७३/११/१८ गते नेपाल सरकारका मन्त्रिहरू तथा नेपाल सरकारका सचिवहरूसँग स्थानीय तहको निर्वाचनमा निर्वाचन आचार संहिताको पालना गर्ने सम्बन्धमा छुट्टाछुट्टै छलफल गरेको छ । मन्त्रीज्यूहरूसँगको छलफलमा आफ्नो मन्तव्य राख्दै आयोगका मा.निर्वाचन आयुक्त सुधीर कुमार शाहले आचार संहिताको आवश्यकता माथि प्रकाश पार्दै स्थानीय तहको निर्वाचन स्वतन्त्र र स्वच्छ वातावरणमा सम्पन्न गर्न नेपाल सरकारको तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नु भयो ।

छलफल कार्यक्रममा आयोगका सचिव श्री गोपीनाथ मैनालीबाट आयोगले २०७३/११/१८ गतेदेखि लागू गरेको आचार संहितामा रहेका मुख्यमुख्य विषयको प्रस्तुतीकरण भए पछि मा.मन्त्रीज्यूरूबाट विभिन्न विज्ञासा र सुझावहरू राख्नु भएको थियो ।

छलफल कार्यक्रमको अध्यक्षता गर्दै मा.प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवले राजनीतिक दलहरूसँग गहनरूपमा छलफल गरेर नै निर्वाचन आयोगले आचार संहिता तयार गरी राजपत्रमा प्रकाशित गरिसकेको छ । राजनीतिक दलको सहमतिमा तयार भएको निर्वाचन आचार संहिता अनुसार राजनीतिक दल तथा सरकारको तर्फबाट पालना हुने कुरामा आयोग विश्वस्त रहेको कुरा उल्लेख गर्दै आचार संहिता कार्यान्वयन गर्नका लागि सम्बन्धित सबैलाई अनुराध गर्नु भएको थियो । साथै, आयोगले हालै जारी गरेको स्थानीय तह निर्वाचन व्यवस्थापनमा सहयोग पुऱ्याउन नेपाल सरकारलाई दिएको १९ बुँदे निर्देशन तथा शान्ति सुरक्षा सम्बन्धी ४ बुँदे निर्देशन र स्थानीय तह निर्वाचन आचार संहिता अनुकूल कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्न सम्बन्धित मा.मन्त्रीहरूलाई अनुरोध गर्नु भएको थियो । कार्यक्रममा मा.उपप्रधान तथा अर्थ मन्त्री श्री कृष्णवहादुर महराले आयोगले जारी गरेको निर्देशनहरू तथा निर्वाचन आचार संहिताहरू पालन गरी निर्वाचनलाई स्वच्छ र स्वतन्त्ररूपमा सञ्चालन गर्न प्रतिवद्ध रहेको व्यहोरा वताउनु भयो भने मा.उपप्रधान तथा गृहमन्त्री श्री विमलेन्द्र निधीले आचार संहिता पालना गर्नु पर्ने सबैले निर्वाचन आचार संहिता पालना गर्ने गराउने तर्फ सरकार

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

निर्वाचन आयोग
नेपाल
२०७३

प.सं. च.नं. / Ref:

प्रतिवद्ध रहेको कुरा व्यक्त गर्दै पदीय दुरुपयोग नहोस् भनी स्वतन्त्र निर्वाचनको लागि सुरक्षाको सम्पूर्ण बन्दोवस्ती गरेको कुरा बताउनु भएको थियो । कार्यक्रममा मा.मन्त्रीहरू अर्जुन नरसिंह के.सी., सीतादेवी यादव, बालकृष्ण खाँण लगायत २१ जना मन्त्री तथा राज्यमन्त्रीहरूको उपस्थिति रहेको थियो ।

३. नेपाल सरकारका सचिवहरूसँग आचार संहिता कार्यान्वयन सम्बन्धी गरिएको अर्को कार्यक्रममा आचार संहिता पालना गर्नको लागि नेपाल सरकारका सचिवहरूले गर्नुपर्ने जिम्मेवारी बारे छलफल भएको थियो । कार्यक्रममा मन्तव्य दिदै नेपाल सरकारका मुख्य सचिव डा.सोमलाल सुवेदीले प्रत्येक मन्त्रालयमा निर्वाचन सम्पर्क व्यक्ति (Focal Point) तोकी निर्वाचन आयोगबाट मन्त्रालयमा प्राप्त हुने निर्देशन छिटो माध्यमबाट जिल्ला तथा स्थानीय तहसम्म पुऱ्याई कार्यान्वयन गर्न उपस्थित सबै सचिवहरूलाई निर्देशन दिनु भएको थियो । साथै, गृह मन्त्रालयले आचार संहिता पालना गर्ने सम्बन्धमा सबै जिल्ला प्रशासन कार्यालयलाई समेत आवश्यक व्यवस्था मिलाउन निर्देशन दिदै नेपाल सरकारका सम्पूर्ण निकाय तथा कर्मचारीहरूले निर्वाचन आचार संहिता पूर्ण रूपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा नेपाल सरकारका सचिवहरूबाट राखेका विभिन्न जिज्ञासाहरूको जवाफ दिँदै मा.प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिता केन्द्रदेखि स्थानीयस्तरसम्म पालना गर्ने व्यवस्था मिलाउन निर्देशन दिनु भएको भएको थियो । उपरोक्त दुवै कार्यक्रममा आयोगका मा.सदस्यहरू इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल र सुधीर कुमार शाह तथा आयोगका सचिव श्री गोपीनाथ मैनाली लगायत उच्च अधिकारीहरूको उपस्थिति रहेको थियो ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"